अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।०८।०१ गते।

प्रेस विज्ञप्ति

विषयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन-१, सार्वजनिक सम्पत्ति हानिनोक्सानी-१ र घुस/रिसवत सम्बन्धी-१ गरी जम्मा-३ वटा मुद्दाहरु आयोगको निर्णय अनुसार मिति २०७९।०८।०१ मा सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

देहायः

क्र सं	प्रतिवादी	मुद्दा	आयोगको मागदाबी	विशेष अदालतको फैसला र आधार	सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार
१	सुरेश ठाकुर हजामसमेत (वि.अ. को मु.नं. ०७५-CR-००८१, वि.अ. को फैसला मिति २०७९।२।१३)	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।	**क. सुरेश ठाकुर हजामको हकमा** बिगो रु. ३,१८,७३,७२०।६९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार बिगोबमोजिम जरिवाना र कैद सजाय हुन तथा गैरकानुनीरूपमा आर्जित श्रोत नखुलेको र रोक्का राखिएका सम्पत्ति सोही ऐनको दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन। **ख. अनिता ठाकुरको हकमा** अनिता ठाकुरको नाममा विभिन्न बैङ्कमा रहेको तथा अनुसन्धानको क्रममा रोक्का राखिएको चलअचल सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गर्ने प्रयोजनको लागि प्रतिवादी कायम गरिएको। **ग. सन्तोष ठाकुर, बलराम उपाध्याय र मिनाक्षी सिन्हाको हकमा** • सुरेश ठाकुर हजामले गैरकानूनीरूपमा आर्जित सम्पत्ति निजहरूको नामको खातामा लुकाई छिपाई राखेकोले आयोगसमक्ष	**फैसला** • प्रतिवादी सुरेश ठाकुरको बिगो घटाइएको तथा अन्य प्रतिवादीहरूलाई सफाइ। **आधार** • अनुसन्धानकोक्रममा प्रतिवादीको कृषिबाट प्राप्त आय रु १२,६०,९३४।८८ कायम गरिएकोमा वीरगञ्ज महानगरपालिकाको २०७५।९।१५ को पत्रसाथ कृषि ज्ञान केन्द्र, पर्साको मिति २०७५।९।२६ को पत्र र विशेष अदालतलाई मिति २०७७।९।१६ मा लेखिएको पत्रानुसार रु ५,३५,१०८।१६ थप भई कुल कृषि आय रु १७,९६,०४३।८४ कायम हुने। • वीरगञ्ज महानगरपालिका, वडा नं १५ को सिफारिस तथा २०७५।१०।२३ को स्थानीय सर्जमीन मुचुल्काअनुसार पशुपालन आय ५,५०,०००।– थप हुने। • प्रतिवादी सुरेश ठाकुरका बुवा चन्द्रिका ठाकुरको बुवाले वीरगञ्ज चिनी कारखानाबाट स्वेच्छिक अवकाश रोजेवापत प्राप्त रु ६,१९,५००।– आयमा थप हुने। चन्द्रिका ठाकुरले सिकर्मी कार्य	▪ संगठितरूपमा उजुरी परी नगद तथा बैंङ्क भौचरसमेत सुरेश ठाकुर हजामकी श्रीमती अनिता ठाकुरलाई मकवानपुरको मनहरीबाट पक्राउ गरेको देखिन्छ। अनिता ठाकुरसँग बरामद रकम निजको श्रीमान् सुरेश ठाकुर हजामले घर लैजान निजलाई दिएको र निजसँग बरामद रकम जम्मा गर्दाका बैङ्क भौचरहरूसमेत सुरेश ठाकुर हजामले नै निजलाई दिएको र स्रोत पुष्टि गर्न नसकेको। ▪ प्रतिवादी सुरेश ठाकुर हजामले आफ्नो साथी बलराम उपाध्याय र अर्का साथी सञ्जयकुमार कर्णकी श्रीमती मिनाक्षी सिन्हाको नाममा विभिन्न बैङ्कमा खाता खोल्न लगाई ती खाताहरूसमेत आफैले सञ्चालन गरेको तथ्यसमेत खुलेको देखिन्छ। सुरेश ठाकुर हजामले आफूले कारोवार गर्ने गरी कुनै खाता खोलिदिन मेरो श्रीमानलाई अनुरोध गरेकोले मेरो नाममा NIC बैङ्कमा खाता खोली निजलाई कारोबार गर्न दिइएको भन्नेसमेत व्यहोराको मिनाक्षी सिन्हाको मौकाको भनाइबाट समर्थित छ। सोही बयान व्यहोरा निजले अदालतसमक्ष पनि लेखाएकी छिन्। त्यसैगरी बलराम उपाध्यायले आफ्नो नाममा रहेको खातामा मौज्दात रहेको सम्पूर्ण रकम सुरेश ठाकुर हजामकै रहेको तथा उक्त खाताबाट सन् २०१७ जुलाई २५ देखि नै निजले कारोवार गर्दै आएका थिए भन्ने व्यहोरा अनुसन्धानकोक्रममा भएको वयानमा उल्लेख गर्दै निजले प्रतिवादी सुरेश ठाकुर हजाम पक्राउ परेपश्चात् आफ्नो नामको प्राइम कमर्सियल बैङ्कमा रहेको रकम मध्ये रु. ६६,५०,०००/- आफैले व्यक्तिगत प्रयोजनको लागि झिकेको भए पनि अनुसन्धानमा सहयोग गर्ने मनसायले उक्त रकम आयोगमा दाखिलसमेत गरेको देखिन्छ। साथै निज बलराम उपाध्यायले अदालतसमक्ष गरेको वयानमा प्राइम कमर्सियल बैंङ्कको खातामा रहेको रकम सुरेश ठाकुरकै रहेको तथा निजैले कारोबार गर्ने भनी लेखाइदिएको; जवाफ ९ मा उक्त खातामा प्रयोग भएको मोबाइलफोन नं निज सुरेश ठाकुरको रहेको भनी लेखाइदिएको तथा उक्त खाताको रकम जफत भएमा आफ्नो मञ्जुरी रहेको लेखाइदिँदासमेत विशेष अदालतले उक्त रकम सुरेश ठाकुरको नरही प्रतिवादी बलराम उपाध्यायकै रहेको भनेको तथा बलराम उपाध्यायले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दाखिल गरेको रु. ६६,५०,०००/- प्रतिवादी सुरेश ठाकुरको खर्चमा समावेश नगरी गरिएको फैसला त्रुटिपूर्ण छ। ▪ आफूलाई बेलाबेलामा सुरेश ठाकुर हजामले अफिसबाट काम दिने गरेकोले निजले

			दाखिल नगद तथा निजहरूको नामको बैङ्क खातामा रहेको नगद तथा रोक्का बैङ्क मौज्दातसमेत जफत गर्ने प्रयोजनका लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम निजहरूलाई प्रतिवादी बनाइएको।	गरेवापत रु १५,००,०००।– थप गरिएको। • प्रतिवादी सुरेश ठाकुरकी हजुरआमा वन्हिया हजामिनको जग्गा बिक्रीबाट प्राप्त रु ९७,०००।– आय थप हुने। • टीकाटालो, दक्षिणा उपहार वापत रु ५,००,५००।– थप हुने। • वीरगञ्ज महानगरपालिका वडा नं १५ को पत्रानुसार प्रतिवादी अनिता ठाकुरले ट्युशन पढाएवापत रु ५,००,०००।– थप हुने।(नि नं ९३६६, मुद्दा नं ०६९-CR-०७६९) • प्रतिवादी सन्तोष ठाकुरले गुरुकूल एकेडेमीमा पढाएवापतको पारिश्रमिक रु ६,००,०००।– थप हुने। प्रतिवादी सुरेश ठाकुरको नेपाल बङ्गलादेश बैंङ्क, एसबीआइ बैंङ्क, NIC Asia Bank, माछापुच्छ्रे बैंङ्क र नेपाल बैङ्कमा रहेको खाता तथा प्रतिवादी अनिता ठाकुरको सिभिल बैंङ्क र रावा बैंङ्क र प्रतिवादी सन्तोष ठाकुरको NCC Bank को खाताबाट प्राप्त ब्याज रकम रु २५,७१,२६९।३२ आयमा समावेश हुने। • सुरेश ठाकुरका बुवा चन्द्रिका ठाकुरले सुन बिक्री गरेवापतको रु १३,८७,७७२।– आयमा थप हुने। • दिलीप कार्कीसँग लिएको सापटी रकम रु ५१,००,०००।– प्रतिवादीको आयमा समावेश हुने।	आफैले कारोवार गर्ने गरी कुनै बैङ्कमा खाता खोली दिन अनुरोध गरेअनुरूप मेरी श्रीमती मिनाक्षी सिन्हाको नाममा NIC Asia बैङ्कमा खोलिएको खाताबाट कारोवार गर्न दिएको हो । खाताको चेक र ATM Card पनि उनैलाई दिनुका अतिरिक्त सिम कार्डसमेत निजलाई नै दिएकोले SMS Alert को सुविधासमेत निजले नै प्रयोग गर्ने गरेका थिए भन्ने **सञ्जयकुमार कर्ण**को मौकाको कागज व्यहोरा रहेकोमा अदालतमा बकपत्रको क्रममा निज सञ्जयकुमार कर्णले मौकाको कागज सनाखत गरी मेरी श्रीमती मिनाक्षी सिन्हाको खाता प्रतिवादी सुरेश ठाकुर हजामले चलाउने जानकारी बैङ्कलाई नदिइएको । उक्त खाताको चेक र ATM सुरेश ठाकुरसँगै रहेको र ४/५ वटा चेकमा सही गराएर पूरै चेकबुक सुरेश ठाकुरले लिएको उल्लेख गरिदिएकोसमेतका आधारमा यी प्रतिवादी सुरेश ठाकुरले प्रतिवादी मिनाक्षी सिन्हाको नाममा खाता खोली अवैध आय लुकाएको प्रष्ट भइरहेको देखिन्छ। भ्रष्टाचारको कसूर गर्ने र भ्रष्टाचारबाट गरिएको आर्जन लुकाउने तरीका अनेक हुनसक्छन्। गैरकानूनी आर्जन गर्नेले सधैं आफू वा आफ्नो परिवारका सदस्यका नाममा मात्र सम्पत्ति राख्छ वा राखेको हुनुपर्छ भन्ने छैन। गैरकानूनी आर्जन गर्नेले त्यस्तो आर्जन लुकाउन भगीरथ प्रयत्नसमेत गर्नसक्छ भन्ने कुरा स्वाभाविक अनुमानको विषय हो। यस्तो कसूर गर्ने व्यक्तिले आफ्नो परिवारका सदस्यका नाममा सम्पत्ति राख्दा समातिने डरले परिवारका सदस्य बाहेकका नातागोता, इष्टमित्रलगायत अन्य चिनजानका साथीभाइ एवम् व्यापारीहरूका नाममा समेत सम्पत्ति लुकाउन सक्ने स्थिति इन्कार गर्न नसकिने हुन्छ। ▪ मेरो तलब, भत्ता, कृषि आय, परिवारको अन्य सदस्यको आय, ससुरालीबाट प्राप्त रकम र साथीभाइ आफन्तबाट लिएको सापटीसमेतको रकम आफ्नो आय श्रोत भएको भन्ने व्यहोरा प्रतिवादीले अदालतमा बयान गर्दा उल्लेख गरेका छन्। विभिन्न व्यक्तिहरूसँग लिएको सापटी, परिवारका सदस्यहरूको आय र कृषि आय, जग्गा विक्रीवाट प्राप्त आय र सोबाट बढे बढाएको आम्दानी गणना नगरिएको भन्ने जिकीर लिए पनि प्रतिवादीले तत्सम्बन्धी ठोस प्रमाण पेश गर्न सकेको देखिदैन। मिनाक्षी सिन्हा र सञ्जयकुमार कर्णको बैङ्क खातासँग आफ्नो कुनै सरोकार नरहेको, बलराम उपाध्यायको बैङ्क खातामा आफूले रकम जम्मा नगरेको भन्ने निजको जिकिर आफूले विश्वासको आधारमा प्रतिवादी सुरेश ठाकुर हजामलाई आफ्नो खाता प्रयोग गर्न दिएको र आफ्नो खातामा भएको रकम सुरेश ठाकुर हजामको नै भएकोले उक्त रकम जफत भएमा मञ्जुर छु भन्नेसमेत व्यहोराको प्रतिवादी वलराम उपाध्यायको अदालतमा भएको बयानसमेतबाट

				• प्रतिवादी सन्तोष ठाकुरको अध्ययन खर्च रु २५,९५०।– र सुरेश ठाकुरका छोराहरू गौरव र रोशनको २०७० देखि २०७५ सम्मको खर्च रु १,८४,०४१।४० र गौरवको १०+२ को शुल्क रु २,१७,३१५।– गरी जम्मा रु ४,२७,३०६।– हुने तथा छोराद्वयको २०७० सालभन्दा अघिको अभिलेख नष्ट भइसकेकोले शुल्क व्यहोरा जानकारी गराउन नसकिने भएकाले सोमा केही रकम थप गरी अध्ययन खर्च रु ६,०४,०००।– कायम हुने। • मिनाक्षी सिन्हाको NIC Asia Bank खातामा रहेको रु २६,९५,२११।५९ र बलराम उपाध्यायको नाममा NCC Bank मा रहेको रु ३६,५८,८५०।८१ र Prime Commercial Bank मा रहेको रु ६३,१९७।१४ का सम्बन्धमा खाताधनीहरूले उक्त खाताको कारोबार सुरेश ठाकुरले नै गरेको भने पनि सुरेश ठाकुरबाट सम्बन्धित बैंङ्कहरूको चेक र ATM बरामद नभएको र मिनाक्षी सिन्हाको खातामा हकबालाको नाम निजका श्रीमान् सञ्जयकुमार कर्णको नाम रहेको तथा बलराम उपाध्यायको नामबाट खोलिएका खाताका चेक र एटीएम प्रतिवादी सुरेश ठाकुरबाट बरामद	खण्डित भइरहेको छ। ▪ सुरेश ठाकुरले आफूले गैरकानूनी तरीकाले आर्जित सम्पत्ति लुकाई छिपाई राख्न बलराम उपाध्याय र मिनाक्षी सिन्हाको खाता चलाउने तथ्यलाई बलराम उपाध्यायको नाममा प्राईम कमर्सियल बैङ्कमा रहेको खाता नं. ०२१०००२०१U को SMS Alert का सम्बन्धमा उक्त बैङ्कबाट प्राप्त च.नं. १०६३ मिति २०७५/५/२० को पत्रद्वारा खुलेअनुसार मिति १५ अगस्ट २०१७ देखि सुरेश ठाकुरले प्रयोग गर्ने गरेको फोन नं ९८४५२२७४०० मा SMS Alert सुबिधा लिइएकोमा निज सुरेश ठाकुर २०७५/४/१२ मा पक्राउ पर्नासाथ ३० जुलाई २०१८ अर्थात २०७५/४/१४ देखि पुनः बलराम उपाध्यायले प्रयोग गर्ने फोन नं ९८०२६७३६३४ मा SMS Alert प्राप्त हुने गरी परिबर्तन गरेको देखिएको साथै, सुरेश ठाकुरले खाता प्रयोग गर्दा SMS Alert प्राप्त हुने ९८४५२२७४०० नम्बरको सिमकार्डसहितको मोबाइलफोन सुरेश ठाकुर पक्राउ पर्दा निजसँगै बरामद भै आएको देखिएको र NCC Bank को मिति २०७५/०५/२४ च.नं. १४५ को पत्रद्वारा उक्त बैङ्कमा बलराम उपाध्यायको खाता नं ००१०००१५६१७१० को कारोबारको SMS Alert २०७४/१२/२७ देखि मिनाक्षी सिन्हाका श्रीमान् सञ्जयकुमार कर्णको नाममा रही सुरेश ठाकुरले प्रयोग गर्ने फोन नं ९८१३७५२८५६ मा लिइएको र मिति २०७५/४/१२ मा सुरेश ठाकुर पक्राउ पर्नासाथ २०७५/४/१३ गते नै सो नं परिबर्तन गरी ९८०१०२३२४० मा SMS Alert प्राप्त हुने गरी मिलाईएको तथा NIC Asia बैङ्कको मिति २०७५/५/२५ च नं. १९४ को पत्रद्वारा खुलेअनुसार मिनाक्षी सिन्हाको नामको खाता नं. २१८७९८५६४८०५२४०१ को SMS Alert सुबिधा कारोबारको शुरूदेखि नै उल्लिखित फोन नं. ९८१३७५२८५६ मा नै लिएको देखिएबाट उल्लिखित तीनवटै बैङ्क खाताहरूको कारोबार सुरेश ठाकुरले नै सञ्चालन गर्ने कुरामा कुनै बिबाद नदेखिएको र सो कुरा सम्बन्धित बैङ्कहरूबाट प्राप्त SMS बिबरणका साथै बलराम उपाध्याय, मिनाक्षी सिन्हा, सन्जयकुमार कर्ण र सुरेश ठाकुरसमेतले सोही ब्यहोरा समर्थन गर्दै अनुसन्धानको क्रममा गरिदिएको बयान ब्यहोराले समेत पुष्टि गरिरहेको छ। ▪ सुरेश ठाकुरकी श्रीमती अनिता ठाकुर र भाइ सन्तोष ठाकुरको मौकाको बयानमा आफ्नो नाममा बिभिन्न बैङ्कमा रहेको खाताहरूमा भएको कारोबार सुरेश ठाकुरले नै गरेका हुन् भनेका र अनिता ठाकुरको नाममा सिभिल बैङ्कमा भएको खाता नं. ००५१०१०५६६५०१४, राष्ट्रिय बाणिज्य बैङ्कको खाता नं.

				नभएको र हकबाला श्रीमती पूजा उपाध्यायलाई राखेकोले गैरव्यक्तिको नाममा रहेको बैंङ्क खाताको रकम प्रतिवादी सुरेश ठाकुरको हो भनी भनेको आधारमा प्रतिवादी सुरेश ठाकुरको रकम कायम गर्न नमिल्ने (नि नं ९१४९)।साथै बलराम उपाध्यायले आयोगमा दाखिल गरेको रु ६६,५०,०००।– सुरेश ठाकुरको नभई निक्षेपकर्ता बलराम उपाध्यायको नै हुने।	२५००२००५०१० र भाइ सन्तोष ठाकुरको नाममा रहेको एनसिसि बैङ्कको खाता नं. ०११०००००४२८१३ मा मौज्दात रहेका रकम सुरेश ठाकुरले नै जम्मा गरिदिएको र अनिता ठाकुरसँग बरामद भै आएका बैङ्कमा रकम जम्मा गरिएका भौचरसँग सम्बन्धित खाताहरूका सम्पूर्ण रकमको कारोबार निज सुरेश ठाकुर आफूले नै गरेको तथ्य पुष्टि भइरहेको छ। *सामान्यतया अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न पर्याप्त प्रमाण होइन तर अनुसन्धान अधिकारीसमक्षको बयान कुनै दबाब प्रभावविना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्तरूपमा आरोपित कसूरसँग स्वाभाविक सामञ्जस्यता हुने गरी बयान गरी सो बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइराखेको छ भने अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्नुपर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने* (नि नं १००५९, २०७२ अङ्क ७)।यसरी अनुसन्धान अधिकृतसमक्ष गरिएको बयान र अन्य तथ्यहरूले प्रतिवादीले अवैधानिकरूपमा आर्जन गरेको समर्थन गरिरहेको अवस्थामा प्रतिवादी सुरेश ठाकुरको बिगो रकम घटाएर तथा अन्य प्रतिवादीहरूलाई सफाइ दिई गरिएको फैसला त्रुटिपूर्ण छ। ▪ सुरेश ठाकुरले रू. ३०,००,०००।- सापटी लिएको भनी दाबी गरेका पृथ्वीप्रसाद झाले कागज गर्ने क्रममा सुरेश ठाकुरसँग कुनै आर्थिक लेनदेन नभएको भनेकाले सुरेश ठाकुरले आफूले आर्जन गरेको गैरकानूनी सम्पत्तिको श्रोत पुष्टि गर्ने नियतले काल्पनिक साहु खडा गरेका स्पष्ट देखिन्छ।निजले बकपत्रमा आफूले सुरेश ठाकुरसँग कारोबार नगरेको भनी बकपत्र गरिदिएकै देखिन्छ। ▪ मावलीबाट करिब रू. ९५,००,०००।- सापटी लिएको भनी सुरेश ठाकुरले खुलाए पनि उक्त तथ्य पुष्ट्याइँ हुने कुनै आधिकारीक कागजात नभएको र सो अवधिमा निज सुरेश ठाकुरको बिभिन्न बैङ्कमा समेत ठूलो रकम मौज्दात रहेको देखिएकोले निजले मामासँग रकम सापटी लिनुपर्ने कुनै औचित्यसमेत नदेखिनुका साथै निजको उक्त कारोबार पुष्टि गर्ने कुनै आधारसमेत देखिदैन।साथै बिना आधार टीकाटालो, दक्षिणा, उपहार वापत रु ५,००,५००।– थप हुने भनी प्रतिवादी सुरेश ठाकुरको आय कायम गरेकोसमेत विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिन्छ। ▪ कृषि ज्ञान केन्द्रको पत्रको आधारमा आम्दानीमात्र देखाई कृषि कर्म गर्दा खर्चै नहुनेजसरी विशेष अदालतले प्रतिवादी सुरेश ठाकुरको आयमात्र देखाई गरिएको

					फैसला बदरभागी छ। जग्गाधनीले नै जग्गा कमाएको भन्ने जिकीर रहेको अवस्थासमेत कृषि उत्पादनकोक्रममा मल, बीउ श्रमलगायत हुन जाने उपर्युक्त मनासिब खर्चहरू कटाई आम्दानी कायम गर्नु न्यायोचित देखिन्छ। अतः प्रस्तुत मुद्दामा कृषिआय कायम गर्दा माथिका आधारहरूवारे कुनै कुरा उल्लेख गरिएको छैन। साथै कृषि आयको रकम अंशियारहरूबीच बाँडफाँड गरिएको पनि देखिँदैन। सगोलको पैतृक जग्गाबाट बचत नै हुन नसक्ने नगण्य कृषि आयलाई खर्चसमेत नकटाई पूरै प्रतिवादीको एकलौटी आय कायम गरी कृषि ज्ञान केन्द्रको पत्रको आधारमा प्रतिवादीको आय कायम गरिदिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ। वादी नेपाल सरकार प्रतिवादी हरेकृष्ण भगत भएको मुद्दामा *हरेकृष्ण भगतले आफ्नी श्रीमती सुनयनादेवी भगतले तरकारी व्यवसायबाट रू.११,८८,०००।- आय गरेको भनी विशेष अदालतमा लेखाएको देखिन्छ। सुनयानदेवी भगतको नाममा फर्म दर्ता भएको भए तापनि के कति तरकारी उत्पादन भएको, कति बिक्री वितरण भएको भन्नेजस्ता कुराहरू पुष्टि हुन नआएबाट सो रकम प्रतिवादीको आयमा जम्मा गर्न मिल्दैन*। (नि नं ९४३३; नेकाप **२०७२**, अङ्क ७) ▪ सुरेश ठाकुरले आयोगमा पेश गरेको सम्पत्ति बिबरण फाराममा एकासगोलको परिवारका सदस्यको आय शीर्षकमा बुवा चन्द्रिका ठाकुरले सिकर्मी पेशा गरी रू. १५,००,०००।- आम्दानी गरेको भनी आय थप गरेको, श्रीमती अनिता ठाकुरले ट्युसन शिक्षिकाको रूपमा काम गरी रू. ५,००,०००।- आम्दानी गरेको र भाइ सन्तोष ठाकुरले ट्युसन शिक्षकको रूपमा काम गरी जम्मा रू. ६,००,०००।- आम्दानी गरेको भनी आय थप गरेकोमा निजहरूमध्ये बुवा चन्द्रिका ठाकुरले कुन प्रकारको काम गरी उक्त रकम आम्दानी गरेका हुन् स्पष्ट नभएको, निजको नाममा कुनै फर्मसमेत दर्ता भएको नदेखिएको र निजको नामबाट कुनै आयकर तिरेको प्रमाण पेश भएको समेत नदेखिएको । साथै, निजकी श्रीमती अनिता ठाकुरले मौकामा बयान गर्दा आफ्नो पेशा गृहिणी भनी खुलाइदिएको र निजको भाइले आफ्नो पेशा विद्यार्थी भनी उल्लेख गरेको तथा निजहरूको कुनै आधिकारीक ट्युसन सेन्टर रहे/भएको समेत नदेखिएको र उक्त रकम कुनै बैङ्कमा जम्मा भएको समेत नदेखिँदा अदालतले थप गरिदिएको उक्त रकम आय आर्जन भएको प्रमाणित हुने कुनै ठोस आधार प्रमाण नपाइएकोले निजहरूले आफूले आर्जन गरेको गैरकानूनी सम्पत्तिको श्रोत पुष्टि गर्ने गलत मनसायले झुठ्ठा बिबरण उल्लेख गरेकोमा विशेष अदालतले समेत तथ्य

					प्रमाणबिना सम्पत्ति थप गरिदिएको त्रुटिपूर्ण छ। ▪ निजामती किताबखानाबाट सुरेश ठाकुरले अघिल्ला ३ आर्थिक बर्षहरूमा बुझाएको सम्पत्ति बिबरण फारामहरूमा तथा आयोगमा बुझाएको सम्पत्ति बिबरण फाराममा उल्लेख गरेको बलराम उपाध्याय तथा मिनाक्षी सिन्हासमेतको नाममा जम्मा गरेको रकम उल्लेख नगरेको; निजले दिलिपकुमार कार्की, पृथ्वीप्रसाद झा, निजको ससुराली तथा मावली कसैसँग लिएको सापटी रकमको सम्बन्धमा समेत कुनै ब्यहोरा उल्लेख गरेको नदेखिएबाट समेत निजले सापटी लिएको भनी मौखिकरूपमा खुलाएका ब्यहोरा झुठ्ठा रही पछि प्रमाण कागजात बनाएको देखिएको र निजले आफूले आर्जन गरेको सम्पत्ति लुकाउन छिपाउन बलराम उपाध्याय र मिनाक्षी सिन्हाको नामको खाता प्रयोग गरेका हुन् भन्ने कुरा बलराम उपाध्याय र मिनाक्षी सिन्हाको अदालतकै बयानसमेतले पुष्टि भइरहेको छ। ▪ निज प्रतिवादीका पिता चन्द्रिका ठाकुरले २०७४ सालमा विभिन्न मितिमा रागनी ज्वेलर्स कलैया बारामा सुन बिक्री गरी रू.१३,८७,७७२।— आय प्राप्त भएको विशेष अदालतको फैसलामा उल्लेख गरेको देखिएकोमा निजले बैङ्क खातामा रू. २ करोडभन्दा बढी मौज्दात नै भएका ब्यक्तिले घरमा रहेका गरगहना बेच्नुपर्ने कुनै आवश्यकता पर्नसक्ने अवस्था समेत देखिन नआउँदा निजले सुन बिक्री गरी रकम आम्दानी गरेको भन्ने बिषयसमेत कपोलकल्पित देखिन्छ। वीरगञ्जमा घर हुनेले कलैया पुगेर सुन बिक्री गरेको देखाउनुले केवल आय रकम बृद्धिका लागि रागनी ज्वेलर्सको बिल पेश गरेको देखिन्छ। आफ्ना गठमेलका मानिसहरूलाई मिलाई जुनसुकै समयमा तयार पार्न सकिने घरायसी बनावटी कागज खडा गरी गराई आफूले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको मूल्य घटबढ गराउने उद्देश्यले तयार गरिएको कतै अभिलेख नरहने गैरसरकारी बिलले सम्पत्तिको स्रोत सुनिश्चित गर्दैन। *ब्यक्तिका साथमा रहेको सुनचाँदी चल सम्पत्ति हो। त्यस्तो सम्पत्ति बिक्री गर्दा प्राप्त हुने मुनाफा आयस्रोत हुन सक्छ, तर सम्पत्ति स्वयम् भने आयको स्रोत हुन नसक्ने। सम्पत्ति र आयस्रोतको भिन्नतासम्बन्धी सामान्य अवधारणागत विषयमा अनभिज्ञ रही सुन चाँदीलाई स्रोतको रूपमा गणना गरेको विश्लेषण प्रथमदृष्टिमा नै त्रुटिपूर्ण देखिएकोले कायम रहन नसक्ने।* (नि.नं. ८८३२, नेकाप २०६९ अङ्क ५) ▪ विशेष अदालतले फैसलामा कृषि र पशुपालनबाट क्रमशः रु १७,९६,०४३ र ५,५०,०००।- आय गरेको भनी वडा कार्यालयको पत्रलाई आधार लिएकोमा निजले के कस्ता पशुपंक्षी कति मूल्यमा बिक्री गरी उक्त आम्दानी गरेका हुन्

					भन्ने एकिन नखुल्नुका साथै सो बिषय प्रमाणित गर्ने कुनै आधार तथा कागजातसमेत पेश गर्न नसकेकोले अदालतको फैसला त्रुटिपूर्ण छ। ▪ फैसलाको प्रकरण ५० (घ) मा गैरव्यक्तिको नाममा रहेको बैङ्क खाताको रकम प्रतिवादी सुरेश ठाकुरको हो भनी भनेको आधारमा प्रतिवादी सुरेश ठाकुरको रकम कायम गर्न नमिल्ने (नि.नं. ९१४९) उल्लेख गरिए पनि सर्वोच्च अदालतको नि.नं. ९१४९ को मुद्दामा रहेको तथ्यगत अवस्था प्रस्तुत मुद्दाको तथ्यसँग सम्बन्धित रहेको देखिदैन। प्रस्तुत मुद्दामा प्रतिवादीहरू बलराम उपाध्याय, मिनाक्षी सिन्हासमेतले आआफ्नो खातामा रहेको रकम प्रतिवादी सुरेश ठाकुरले नै खाता खोल्न लगाई जम्मा गरेको र त्यसको भोगचलन उनैले गर्ने व्यहोरा अदालतकै बयानमा समेत उल्लेख गरिदिएको अवस्थामा उक्त नि.नं. ९१४९ का आधार लिई सफाइ दिइएको त्रुटिपूर्ण छ।
२	**प्रदिप कुमार ठाकुर र राजकुमार महरा** (वि.अ. को मु.नं. ०७५-CR-०१३१, वि.अ. को फैसला मिति २०७९।०३।०७)	**सामाजिक सुरक्षा भत्ता रकम खाई मासी भ्रष्टाचार गरेको।**	**प्रतिवादी** प्रदिप कुमार ठाकुरः विगो रु.९,६२,९१४/- कायम गरि भ्र.नि. ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ङ) बमोजिम कैद र जरिवाना हुन **प्रतिवादी** राजकुमार महराः विगो रु १,२२,०००/- कायम गरि भ्र.नि.ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(घ) बमोजिम कैद र जरिवाना हुन	**फैसलाः** प्रतिवादीहरुलाई सफाई। **विशेष अदालतले सफाई दिदा लिएका आधारः** • प्रतिवादीहरुले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीहरुलाई नबुझाई आफैले खाइमासेको भन्ने न त सम्वन्धित लाभग्राहीहरुको उजुरी छ, न त उनीहरुको मौकाको कागज छ, न त स्थलगत रुपमा गई स्थानीय सरजमिन बेहोरा रहेको छ, • तत्कालिन भूमिगत पार्टीको कारणले गा.वि.स कार्यालयमा आउन नक्सने लाभग्राही सामाजिक सुरक्षा भत्ता निजहरु रहेबसेको स्थानमा पुऱ्याई असल नियतले निजहरुले गर्ने भरपाई कागजमा प्रतिवादीहरुले अपवादको रुपमा औठाछाप लगाएको भएतापनि लाभग्राहीको हितमा असल नियतले गरेको सो कार्यमा प्रतिवादीहरुको बदनियत रहेको थियो भनी भन्न सकिने अवस्था देखिएन, • लाभग्राहीहरुले गर्ने सहिछापमा	• सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीहरुलाई बुझाएको भन्ने सम्वन्धमा मिसिल संलग्न कुनै पनी प्रमाणहरु रहे भएको नदेखिएको अवस्थामा समेत अदालतले "लाभग्राहीहरुले गर्ने सहिछापमा प्रतिवादीहरुले आफैले सहीछाप गरी सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीहरुलाई बुझाएको स्थितिमा प्रतिवादीहरुले प्रक्रियागत त्रुटि गरेको" (फैसलाको प्रकरण नं.३५) भन्ने मुल आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गरेको देखिन्छ । तसर्थ विशेष अदालतवाट प्रतिवादीहरुलाई सफाई दिने हेतुले हुदै नभएको प्रमाणलाई नै प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ वमोजिम प्रथम दृष्टिमा नै त्रुटि पूर्ण भई बदर भागी छ । • तत्कालिन विषम परिस्थितिमा प्रतिवादीहरुले लाभग्राहीको सहिछाप आफै गरी सम्वन्धित व्यक्तिहरुलाई बुझाएको भनी वयान व्यहोरा लेखाएका, तत्कालिन भूमिगत पार्टीको कारणले गा.वि.स कार्यालयमा आउन नसक्ने लाभग्राही सामाजिक सुरक्षा भत्ता निजहरु रहेबसेको स्थानमा पुऱ्याई असल नियतले निजहरुले गर्ने भरपाई कागजमा प्रतिवादीहरुले अपवादको रुपमा औठाछाप लगाएको(फैसलाको प्रकरण नं.३१) भनी स्वंय विशेष अदालतले फैसलामा स्वीकार गरेको अवस्था छ । तर विशेष अदालतको फैसलामा लाभग्राही बसेको स्थानमा आफै गई सामाजिक सुरक्षा भत्ता बुझाउन सक्ने प्रतिवादीहरुले लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वुझेको भरपाईमा सहीछाप किन गराएनन भन्ने कुनै उत्तर नरहेको अवस्थामा प्रतिवादीहरुले आरोपदावी वमोजिम कसूर गरेको पुष्टि भएको देखिएकोले सजाय

				प्रतिवादीहरुले आफैले सहीछाप गरी सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीहरुलाई बुझाएको स्थितिमा प्रतिवादीहरुले प्रक्रियागत त्रुटि गरेको देखिएतापनि बदनियत राखी उक्त कार्य नगरेको तथा भत्ता रकम सम्वन्धित लाभग्राहीहरुलाई बुझाइ निजहरुले खाइ मासेको तथ्य र कसूर स्थापित हुन नसकेको, • निवेदक मोहन महतोलाई बकपत्रको लागी झिकाउँदा उपस्थित नभई उजुरी पुष्टि गर्न सकेको देखिदैन भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिने गरी मिति २०७९।०३।०७ मा फैसला भएको देखियो ।	गर्नु पर्नेमा अस्पष्ट तथा मनोगत आधारलिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण भई बदरभागी छ । • सिरहा जिल्ला साविक रामपुर विर्ता गा.वि.स.का प्राविधिक सहायक प्रदिप कुमार ठाकुरले मृत्तकको समेत भत्ता खाइरहेको उजुरीको सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय सिरहाबाट २०६५ साल देखि २०७२ साल सम्मको साविक रामपुर विर्ता गा.वि.स.को सामाजिक सुरक्षा भरपाईको सक्कलै प्रति माग गर्दा उक्त कार्यालयबाट आ.व. २०६६/६७ देखि आ.व. २०७०/०७१ सम्मका सा.सु. वितरणको सक्कलै प्रति प्राप्त भई तत्कालिन गा.वि.स. कार्यालयमा रहेका कर्मचारीहरुको औंठा छाप नमुना लिई परीक्षणको लागी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुसी काठमाण्डौमा पठाएकोमा उक्त कार्यालयको च.नं. ४६८४ मिति २०७४/१२/१६ र च.नं. १६९६ मिति २०७५/०५/२५ को पत्रमार्फत प्राप्त भएको औंठाछाप परीक्षण प्रतिवेदन अनुसार निज प्राविधिक सहायक प्रदिप कुमार ठाकुरको औंठाछाप आ.व. ०६६/६७ देखि आ.व. २०७०/७१ सम्मको भरपाई परीक्षण गर्दा निजको जम्मा ५४६ वटा औंठाछाप मिलेको देखिन्छ र उक्त कार्यालयका कार्यालय सहयोगी राजकुमार महराको समेत सो अवधिमा जम्मा ६६ वटा औंठाछाप मिलेको भनि प्रतिवेदन प्राप्त भएको देखिएकोमा विशेषज्ञ प्रतिवेदक सुमित्रा लामा र शिखर राज कुँवरले प्रतिवेदनको व्यहोरालाई समर्थन गरी अदालतमा वकपत्र समेत गरेको देखिएको अवस्था छ (प्रमाण ऐन, २०३१ को दफा २० र दफा २३ वमोजिम प्रमाणमा लिन पर्ने) । स्वंय प्रतिवादी प्रदिप कुमार ठाकुरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र प्रतिवादी राज कुमार महराको वयानमा सहिछाप आफूले गरेको भनी कसुर स्वीकार गरेको देखिएकोछ । प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) अनुसार यस्तो वयान प्रतिवादीहरुको विरुद्धमा लाग्ने स्पष्ट छ । यसर्थ निज प्रतिवादीहरुले सामजिक सुरक्षाभत्ता वापतको सरकारी रकम आफै लिने खाने बदनियत साथ हिनामिना उक्त सामाजिक सुरक्षा भत्ता वितरणको नेपाल सरकारको सम्पत्ति वदनियतसाथ हानी नोक्सानी गरेको पुष्टि भई रहेको अवस्थामा समेत निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ । • विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भई प्रतिवादीहरुले तत्कालिन भूमिगत पार्टीको कारणले गा.वि.स कार्यालयमा आउन नक्सने लाभग्राही सामाजिक सुरक्षा भत्ता निजहरु रहेबसेको स्थानमा पुऱ्याई असल नियतले निजहरुले गर्ने भरपाई कागजमा प्रतिवादीहरुले अपवादको रुपमा औंठाछाप

					लगाएको भएतापनि लाभग्राहीको हितमा असल नियतले गरेको सो कार्यमा प्रतिवादीहरुको बदनियत रहेको थियो भनी भन्न सकिने अवस्था देखिएन भन्ने आधार लिएको पाईन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कानूनी व्यवस्थामा " नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वदनियत गरी हिनामिना हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा मासेमा वा निजी प्रयोगमा लगाएमा कसुर हुने व्यवस्था स्पष्ट गरेको छ । यसरी कानूनी व्यवस्था एकातर्फ निर्णयाधार अर्को तर्फ भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण एवं वदर योग्य रहेको छ । • निवेदक मोहन महतोलाई बकपत्रको लागी झिकाउँदा उपस्थित नभई उजुरी पुष्टि गर्न सकेको देखिदैन भनी आधार लिई प्रतिवादीहरुलाई सफाई दिएको सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दामा निज मोहन महतोलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीहरुलाई सफाई दिन हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला त्रुटि पूर्ण भई बदर भागी छ । • (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९), (ने.का.प, २०४६, अंक ६, भाग ३१, नि.नं ३८४९) सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुनेगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको ।
३	**विजय राना र अनिल कुमार झा** (वि.अ. को मु.नं. ०७७-CR-००३१, वि.अ. को फैसला मिति २०७९।०२।२०)	घुस/ रिसवत लिने/ दिने कार्य गरी भ्रष्टाचार गरेको।	प्रतिवादी विजय रानाः भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.२,००,०००।– कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम जरिवाना र कैद सजाय गरी उक्त बरामदीत रकम समेत सोहि ऐनको दफा ३(१) बमोजिम जफत हुन प्रतिवादी अनिल कुमार झाःभ्र.नि.ऐन, २०५९ को दफा ३(३) को कसुरमा बिगो रु.२,००,०००।– कायम गरी सोही ऐनको दफा ३(३) मा उल्लेख भएबमोजिम सोहि	फैसलाः प्रतिवादीहरुलाई सफाई **<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>** • प्रतिवादी अनिल कुमार झाको मोवायलको फोटो ग्यालरीमा बुटवल अफिस २,००,०००।- बुटवल चिप २,००,०००।— लेखिएको फोटो प्रतिवादी विजय रानासँगको सम्बद्धता र आधिकारिकता पुष्टि हुन नसकेको, • प्रतिवादी विजय रानालाई मिति २०७७।०४।२० मा पक्राउ गर्दाको दृष्यमा प्रतिवादी अनिल	• विशेष अदालतले प्रतिवादीहरुलाई आरोपदावीट सफाई दिदाँ प्रतिवादी विजय रानाको साथवाट वरामद भएको रकम निजका भिनाजु गिरीप्रसाद पुनवाट सापटी रकम लिएको भन्ने प्रतिवादी जिकिर निजका साक्षी गिरीप्रसाद पुनले अदालत समक्ष गरेको बकपत्र सोही समर्थनमा प्रतिवादी जिकिर निजका साक्षी राम प्रसाद काफ्लेले गरेको बकपत्र, गिरीप्रसाद पुन र रामप्रसाद काफ्ले बिच मिति २०७७।०४।१८ मा भएको तमसुक तथा रामप्रसाद काफ्लेले नेपाल बैङ्क लिमिटेडबाट पैसा झिकेको पुष्टि हुने बैङ्क स्टेटमेण्ट समेतका प्रमाणहरुबाट पुष्टि भएको देखिन्छ। प्रतिवादी विजय रानाको साथबाट बरामद रकमको श्रोत समेत खुलेको छ भनी मुल आधारको रुपमा लिएको देखिन्छ । सो सम्वन्धमा हेर्दा विशेष अदालतले निज प्रतिवादीको साक्षी भनिएको राम प्रसाद काफ्लेलाई प्रतिवादीले साक्षीको रुपमा राखेको देखिदैन, अदालतवाट बकपत्रको लागी आदेश भएको पनि देखिदैन भने अदालतमा राम प्रसाद काफ्लेको बकपत्र नै भएको नदेखिएकोमा निजको बकपत्र भएको भनी उक्त बकपत्रलाई महत्वपूर्ण आधार

			ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम जरिवाना र कैद सजाय हुन	कुमार झा प्रतिवादी विजय रानाको गाडीमा चढेको वा पैसा दिएको दृष्य रहेको देखिएन, • प्रतिवादी अनिल कुमार झालाई अनुसन्धानकर्ताले प्रतिवादी विजय रानालाई रु.२,००,०००।— दिएको हुँ भनी पोल वयान गर्न र फसाउन कुटपिट गरेको र करकापमा पारेको कुरा निजको अदालतको वयानबाट देखिएको, • प्रतिवादी विजय रानाको साथवाट वरामद भएको रकम निजका भिनाजु गिरीप्रसाद पुनवाट सापटी रकम लिएको भन्ने प्रतिवादी जिकिर निजका साक्षी गिरीप्रसाद पुनले अदालत समक्ष गरेको बकपत्र सोही समर्थनमा प्रतिवादी जिकिर निजका साक्षी राम प्रसाद काफ्लेले गरेको बकपत्र, गिरीप्रसाद पुन र रामप्रसाद काफ्ले बिच मिति २०७७।०४।१८ मा भएको तमसुक तथा रामप्रसाद काफ्लेले नेपाल बैङ्क लिमिटेडबाट पैसा झिकेको पुष्टि हुने बैङ्क स्टेटमेण्ट समेतका प्रमाणहरुबाट पुष्टि भएको देखिन्छ ।प्रतिवादी विजय रानाको साथबाट बरामद रकमको श्रोत समेत खुलेको छ	लिएको देखिन्छ । त्यस्तै गिरी प्रसाद पुन र राम प्रसाद काफ्ले बिच मिति २०७७।०४।१८ मा तमसुक भएको भनिएको सम्वन्धमा हेर्दा उक्त तमसुकमा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ३६ वमोजिम कार्यविधी पुरा नगरेको र वडा कार्यालयमा दर्ता गरेको नदेखिएकोले सोही मितिमा नै प्रमाणीत गरेको भनिएको प्रमाणको सम्वन्धमा अदालतले प्रमाण बुझ्ने कार्य समेत गरेको देखिदैन । साथै राम प्रसाद काफ्लेको नेपाल बैक लि.को खाताको बैङ्क स्टेटमेण्ट निजले पेश गरेको नभई प्रतिवादी विजय रानाले पेश गरेको देखिएकोमा सोको आधिकारिकता समेत परीक्षण भएको देखिदैन । यी सवै प्रमाणहरु अनुसन्धानको क्रममा कहि कतै खुलेको खुलाएको नदेखिई आरोप-पत्र दर्ता पश्चात सिर्जित प्रमाण रहेको देखिन्छ । सर्वोच्च अदालतवाट मुद्दा नं.०७४-WC-००२० मा सिर्जित प्रमाणलाई प्रमाणको रुपमा नलिईने सिद्धान्त प्रतिपादन भएको छ ।तसर्थ विशेष अदालतवाट प्रतिवादीहरुलाई सफाई दिने हेतुले हतारमा गरेको प्रस्तुत फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ वमोजिम प्रथम दृष्टिमा नै त्रुटिपूर्ण भई बदरभागी छ । • प्रतिवादी विजय रानाको वारदातको वखतको श्रव्य-दृष्य डि.भि.डि २ मा भिडियोको २४ देखी २५ सेकेण्डमा “तपाईले के वापत पैसा लिनुभएको यो” भनि सोध्दा निजले “होईन मैले त लिएको यो सापट वापत” भनि भनेकोमा ३० देखी ३१ सेकेण्डसम्ममा “को मान्छेसँग, उहाँको नाम के हो?” भनि सोध्दा ३२ देखि ३६ सेकेण्डमा “अनिल झा” भनी उल्लेख भएको संवाद देखिन्छ । उक्त श्रव्य दृष्य प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. बमोजिम प्रमाणमा लिन हुने देखिन्छ । त्यसैगरी प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष हस्तलिखित वयान गर्दा बरामद रकम अघिल्लो आ.व सञ्चयकोषवाट ३५ लाख भन्दा बढी र ना.ला.कोषवाट करिव ३ लाख ५० हजार यसै गरी श्रीमती रेवती देवी रानाले सहकारीवाट करिव ९ लाख ५० हजार भन्दा बढी ऋण लिएको छौ, उक्त रकम उल्लेखित रकम मध्ये हो भनी वयान गरेको देखिन्छ । उक्त वयानको ठिक विपरित प्रतिवादीले अदालतमा वयान गर्दा मेरो भेनाजु पर्ने गिरी प्रसाद पुनले रु.२,५०,०००।- सापटी लिएको रकम मध्ये दुई लाख पत्रिकाले वेरि सुरक्षित तवरले काठमाडौ ल्याउन गाडीमा राखेको, पछी भिनाजु गिरी प्रसाद पुनलाई उक्त तपाईले कहाँवाट ल्याउनु भएको भनी सोध्दा आफ्नो साथी राम प्रसाद काफ्लेले २०७७।०४।१८ गते निकालीलेको रकम मलाई दिएको, रु.२००,०००।- को स्रोतको रुपमा रहेको कपाली तमसुक र बैङ्कको बैङ्क स्टेटमेण्ट प्रतिलिपि पेश

					गरेको भन्ने भनी वयान गरेको देखिएकोवाट प्रतिवादी विजय रानाले कसुर सजायवाट बच्न एकै विषयमा फरक फरक तीन किसिमको व्यहोराको वयान गरेको देखिएकोवाट समेत निजको आरोप दावी वमोजिमको कसुर गरेको पुष्टि भई रहेको देखिएको अवस्थामा समेत अदालतवाट प्रतिवादीलाई सफाई दिने गरी भएको फैसाला त्रुटी पूर्ण छ । • बरामद हुन आएको रकम रु.२००,०००।-को बिटामा रहेको स्लीपमा यस बैंकका कर्मचारीको हस्ताक्षर र यसै बर्षको मिति २०७७।०३।२३, २०७७।०३।२३, २०७७।०४।११ र २०७७।०४।१४ गते उल्लेख भएको साँचो हो भन्ने व्यहोराको नेपाल बैंक लिमिटेड, कृष्ननगर शाखा, कपिलवस्तुको प.सं.१४/८३/३३६ मिति २०७७।०४।२९ गतेको पत्रको व्यहोरा देखिएकोमा उक्त मितिहरुमा WIZARD FRAGNANCE UDHYOG PVT.LTD चेक मार्फत रकम झिकेको नेपाल बैङ्क लि.को बैङ्क स्टेट्मेण्टवाट देखिन्छ । प्रतिवादी विजय रानाले राम प्रसाद काफ्लेको नेपाल बैङ्कको खातावाट मिति २०७७।०४।१८ गते झिकेको भनी खुलाएकोवाट समेत उक्त रकम राम प्रसाद काफ्लेको खातावाट झिकिएको रकम नभएको वरु प्रतिवादी अनिल कुमार झा सँग सम्वन्धित WIZARD FRAGNANCE UDHYOG PVT.LTD चेक मार्फत झिकेको रकम हो भन्ने पुष्टि भई रहेको अवस्थामा अदालतवाट उक्त वरामद रकमको स्रोत खुलेको आधार लिई भएको फैसला त्रुटि पूर्ण छ । • प्रतिवादी अनिल कुमार झाको मोवाइलको फोटो ग्यालरीमा बुटवल अफिस २,००,०००।- बुटवल चिप २,००,०००।- लेखिएको र उक्त लिखत निज प्रतिवादी अनिल कुमार झाको नै हो भन्ने परीक्षण प्रतिवेदनवाट पुष्टि भै रहेको अवस्था छ । प्रतिवादी अनिल कुमार झाले उक्त विवरण लेख्नु पर्ने विश्वास योग्य कारण प्रमाण पेश गरेको नदेखिएको (प्रमाण ऐन, २०३१ को दफा २७) र प्रतिवादीहरु अनिल कुमार झा र विजय राना साथ सँग आयोगले नियन्त्रणमा लिदा रु.२००,०००।- नै बरामद भएको संयोगमात्र हुन सक्ने अवस्था नदेखिएकोवाट प्रतिवादी अनिल कुमार झाको हस्त लिखित बुटवल अफिस २,००,००० र बुटवल चिफ २००,०००।- लेखिएको प्रतिवादी विजय राना नै हो भन्ने पुष्टि भई रहेको अवस्थामा प्रतिवादी अनिल कुमार झाको मोवायल फोटो प्रतिवादी विजय रानासँगको सम्बद्धता र आधिकारिकता पुष्टि हुन नसकेको भनी आधार लिई प्रतिवादिहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण छ । • प्रतिवादी विजय रानालाई मिति २०७७।०४।२० मा पक्राउ गर्दाको दृष्यमा

					प्रतिवादी अनिल कुमार झा प्रतिवादी विजय रानाको गाडीमा चढेको वा पैसा दिएको दृष्य रहेको देखिएन भनी लिएको आधारको सम्वन्धमा हेर्दा गाडी भित्रवाट रकम वरामद भएकोमा विवाद छैन भने प्रतिवादी विजय रानाले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा अनिल कुमार झा गाडीमा बसी ५० मिटर सम्म गएको भनी स्वीकार गरेको(प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) प्रमाणमा लिन मिल्ने) भनी खुलाएकोवाट उक्त आधार खम्वीर भएको देखिन्छ, त्यस्तै गाडी भित्र लेनदेन भएको दृष्य पेश हुने अवस्था नै भएको देखिएकोलाई नै सफाई दिने आधार लिई भएको फैसला त्रुटिपूर्ण छ । • प्रतिवादी अनिल कुमार झालाई अनुसन्धानकर्ताले प्रतिवादी विजय रानालाई रु.२,००,०००।- दिएको हुँ भनी पोल वयान गर्न र फसाउन कुटपिट गरेको र करकापमा पारेको कुरा निजको अदालतको वयानबाट देखिएको भन्ने आधारको सम्वन्धमा हेर्दा निज प्रतिवादीलाई कुटपीट गरी यातना दिई निजको ईच्छा विपरीत सहिछाप गराएको भए सोसम्बन्धमा तत्काल वा हिरासतमा राख म्याद थपको लागी अदालतसमक्ष उपस्थित गराउँदाका अवस्थामै सो कुराको जिकीर लिई निवेदन दिई शारीरिक जांच गराई माग्नु स्वाभाविक हुनेमा सो केही भए गराएको पाइदैन । प्रतिवादीले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित गरेको वयान लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य नै देखिदा समेत सो कानूनी व्यवस्थाको गलत अर्थ लगाई केवल प्रतिवादीले कसुरवाट बच्न अदालतमा गरेको ईन्कारी वयानलाई मात्र आधार लिई प्रतिवादीलाई कसुरमा सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटी पूर्ण भई वदर भागी छ । • माथी उल्लेखित विवेचित आधार प्रमाणहरुवाट प्रतिवादीहरुले कसुर गर्दाको घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण भई बदर भागी छ । • (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुनेगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको ।